मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
गौर, रौतहट

Email:info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 055-521519
FB: facebook.com/ akc.rautahat

पत्र संख्या : ०८३/८४ सूचना नं.०१/२०८३-८४ मिति : २०८३।०४।०६

# सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति २०८३/०४/०६

आर्थिक वर्ष २०८३/८४ को लागि यस कृषि ज्ञान केन्द्र रौतहट लाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको काम गर्ने स्वीकृत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनीहरु तथा सेवा प्रदायक व्यक्ति / फर्म/कम्पनी तथा गैरसरकारी संस्थाको सूची दर्ता गर्नुपर्ने भएकोले आफुले आपूर्ति गर्ने सामान एवं सेवाहरुको विवरण, फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा (PAN) दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक कागजातको प्रमाणित प्रतिलिपि, आवश्यकता अनुसारको व्यवसायिक ईजाजतपत्र, कालोसूचीमा नपरेको स्वघोषणा पत्र, आ.व.२०८२।८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप र निवेदन संलग्न गरी सूची दर्ताका लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेका दरखास्तहरुलाई मान्यता दिइने छैन।

तपसील:

१. स्टेशनरी, छपाइ तथा खर्च हुने सामानहरु सम्बन्धी कार्य।
२. मेटल / काठका फर्निचर / पार्टेशन सम्बन्धी सामानहरु आपूर्ति तथा मर्मत संभार सम्बन्धी कार्यहरु।
३. फ्लोरिङ / फर्निसिङ तथा विजुलिका सामानहरु आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु।
४. निर्माण कार्यहरु, रङरोगन सम्बन्धी कार्य, निर्माण सामानहरु आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु।
५. सवारी साधन (डबल क्याप पिकअप गाडी, मोटरसाईकल तथा साईकल) का पाटपूर्जा आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु।
६. अफिस उपकरण :कम्प्यूटर (डेक्स्टप, ल्यापटप), प्रिन्टर (कलर, लेजर), एससीडी, प्रोजेक्टर स्क्रिन, फ्याक्स मेशीन, फोटोकपी मेसिन, यूपीएस, क्यामेरा, एकाउन्टिङ सफ्टवेयर, वेब पेज डिजाइन, आदि लगायतका उपकरण आपूर्ति र सोको स्पेयर पार्टस्हरु तथा सोमा लाग्ने इन्क, रिबन, टोनर, कार्टिजहरु आपूर्ति गर्ने र रिफिलिङ तथा मर्मत सम्भार समेतका कार्यहरु।
७. कृषि मेशिनरी यन्त्र उपकरण, विद्युतिय मोटर, बीउ बिजन, विषादी, प्राङ्गारिक मल, गडयौला मल, जैविक मल लगायत अन्य कृषि सँग सम्बन्धित सामग्री तथा सेवाहरु।

नोट: सूची दर्ताको निवेदन यस कार्यालयको वेवसाइट akcrautahat.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अनलाईन माध्यमको लागि info.akcrautahat@madhesh.gov.np मा पठाउन सकिनेछ।

२०८३/०४/०६

श्री सरेन्द्र प्रसाद कर्मी